स्वीकृत मिति-२०८१/०४/०४
पहिलो संशोधन-२०८१/०९/०८

# निक्षेप तथा कर्जा सुरक्षण कोष रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण योजना, २०८१

**प्रस्तावना:** योग्य नेपाली युवालाई सूचना तथा सञ्चार प्रविधिमूलक सीप विकास तालिमका लागि बैङ्क तथा वित्तीय संस्थालाई सरल र सहुलियतपूर्ण कर्जा प्रवाहमा प्रोत्साहित गर्न, नेपालमा रहेका प्राविधिक विश्वविद्यालय, शिक्षालय वा तालिम प्रदायक संस्थाहरुलाई सूचना तथा सञ्चार प्रविधि सम्बद्ध स्थानीय तथा अनलाइन रोजगारीका लागि आवश्यक सीप विकास तालिम सञ्चालनका लागि अभिप्रेरित गर्न, देशमा विदेशी मुद्रा आर्जन तथा सञ्चितिमा योगदान पुऱ्याउन, नेपालमा नै रोजगारीको सिर्जना गरी नेपाली युवाको विदेश पलायन रोक्न तथा राष्ट्रिय उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा टेवा पुगोस् भन्ने उद्देश्यले कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ३५ को उपनियम (४) बमोजिम रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कार्यक्रम कार्यान्वयन गर्न कोषले यो योजना बनाई लागू गरेको छ।

१. **सुरक्षण योजनाको नाम र प्रारम्भः** (१) यस सुरक्षण योजनाको नाम “रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कार्यक्रम योजना, २०८१" रहेको छ।

(२) यो योजना कोषको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **सम्झौता गर्नु पर्नेः** (१) यस योजना बमोजिमको कर्जा सुरक्षण गर्न चाहने बैङ्क तथा वित्तीय संस्थाले निक्षेप तथा कर्जा सुरक्षण कोषसँग यस योजनाको अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) नेपालभर वा खास क्षेत्र वा आ-आफ्नो क्षेत्राधिकारभित्रका युवाहरुलाई यस योजना बमोजिमको कर्जा प्रवाहमा प्रोत्साहित गर्न इच्छुक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतको निकाय तथा दातृ निकायले कोषसँग अनुसूची-२ बमोजिमको ढाँचामा छुट्टाछुट्टै समझदारी गर्नु पर्नेछ।

३. **सुरक्षण हुने कर्जा प्रवाहको क्षेत्रः** रोजगारमुखी सीप हासिल गर्ने प्रयोजनको लागि देहाय बमोजिमको विषय वा क्षेत्र तथा सम्झौता एवं सम्झदारीमा उल्लेखित विषय वा क्षेत्रमा तालिमको लागि निर्धारित पठ्यक्रममा तोकिएको[1] अवधिको तालिमको लागि प्रवाहित कर्जाको सुरक्षण यस योजना बमोजिम हुनेछः-

(क) सूचना प्रविधि तथा सफ्टवेयर विकास सम्बन्धी,-

(१) वेब पेज डिजाइनिङ्ग,
(२) तथ्याङ्क विश्लेषण,
(३) विद्युतीय व्यापार (डिजिटल मार्केटिङ्ग),
(४) इ-कमर्श,

[1] पहिलो संशोधनद्धारा संशोधित

(५) सूचना प्रविधि सहयोग (आईटी सपोर्ट),

(६) परियोजना व्यवस्थापन,

(७) युजर एक्सपेरियन्स (युएक्स) डिजाइन,

(८) कम्प्युटर नेटवर्किङ्ग,

(९) विद्युतीय (डिजिटल) सीप (उदाहरण- विद्युतीय व्यापार, विद्युतीय सुरक्षा, सामाजिक सञ्जाल),

(१०) सूचना प्रविधि परीक्षण (आईटी सिष्टम अडिट) नियन्त्रण र सुनिश्चितता,

(११) आधारभूत प्राविधिक सहयोग,

(१२) सूचना प्रविधि सम्बद्ध अन्य तालिम,

(१३) कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स),

(१४) सूचना प्रविधि सम्बन्धी अन्य सीपमूलक तालिम।

(ख) अटोमोबाइल्स,

(ग) प्लम्बिङ्ग,

(घ) गारो लगाउने कार्य (मसोनरी वर्क),

(ङ) लेथ मेशिन अपरेटर,

(च) विद्युतीय वायरिङ्ग,

(छ) इलेक्ट्रोनिक सामान मर्मत सम्भार (मोबाइल फोन, अन्य उपकरण मर्मत),

(ज) हस्तकला,

(झ) मूर्तिकला,

(ञ) फार्मेसी,

(ट) भेटनरी,

(ठ) कीटनाशक विषादि बिक्री वितरण,

(ड) कोषले तोकेका अन्य स्वरोजगार तथा रोजगारमुखी तालिम।

४. **सुरक्षण हुने कर्जा रकमको सीमा:** यस योजना बमोजिम तोकिएको क्षेत्रको तालिमको लागि प्रवाहित प्रति ऋणी पाँच लाख रुपैयाँसम्मको कर्जाको सुरक्षण हुनेछ। कोषले यस योजना बमोजिम सुरक्षण गर्ने कर्जाको रकम एक अर्ब भन्दा बढी हुने छैन।[२]

५. **कर्जा प्रवाह, सुरक्षण हुने कर्जाको अवधि र कर्जा असुलीको प्रक्रिया:** (१) बैङ्क तथा वित्तीय संस्थाले यस योजना बमोजिम कर्जा प्रवाह गर्दा कर्जाको प्रयोजन अनुसारको उपयोग सुनिश्चित हुने गरी र दुरुपयोग निरुत्साहित गरी सरल र सहज रुपमा सम्बन्धित पक्षको बैङ्क खातामा सिधै भुक्तानी हुने गरी विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट कर्जा प्रवाह हुने प्रबन्ध गर्नु पर्नेछ।

(२) यस योजना बमोजिम सुरक्षण हुने कर्जाको अवधि ग्रेस अवधि बाहेक बढीमा पाँच वर्षको हुनेछ।

---

[२] पहिलो संशोधनद्वारा थप गरिएको

(३) बैङ्क तथा वित्तीय संस्थाले तालिम समाप्त भए पछिको छ महिनालाई ग्रेस अवधि मानी बाँकी अवधिमा किस्ताबन्दी रुपमा असुली तालिका बनाई त्यस्तो बैङ्क तथा वित्तीय संस्थाको प्रचलित व्यवस्था बमोजिम कर्जा असुली गर्न सक्नेछ।

६. **कर्जा सुरक्षणका शर्तहरु:** यस योजना बमोजिम सुरक्षण हुने कर्जा देहाय बमोजिमको शर्तहरु पूरा गरेका ऋणीहरुमा प्रवाह भएको हुनु पर्नेछः-

(क) सूचना प्रविधिको हकमा न्यूनतम माध्यमिक शिक्षा (कक्षा १२) वा सो सरहको तहमा अंग्रेजी, गणित, विज्ञान वा कम्प्युटर विज्ञान मुख्य विषय लिई परीक्षा उत्तीर्ण गरेको र अन्य तालिमको हकमा दश कक्षा परीक्षा उत्तीर्ण गरेको।

(ख) प्राविधिक विश्वविद्यालय वा प्राविधिक शिक्षालय वा कुनै मान्यता प्राप्त तालिम प्रदायक संस्थामा तालिमको लागि निर्धारित पठ्यक्रम बमोजिमको[३] तोकिएको कुनै पनि क्षेत्रमा सीप विकास तालिम लिनको लागि सम्बन्धित संस्थाले भर्ना हुन ऋणीलाई छनौट गरेको पत्र।

(ग) सम्बन्धित सुरक्षण योगदानकर्ताले कोषले निर्धारण गरेको सूचना प्रविधि प्रणालीमा ऋणीको विवरण प्रविष्ट गरेको।

(घ) कोषले निर्धारण गरेको सूचना प्रविधि प्रणालीमा रोजगारदाता कम्पनी, रोजगार मध्यस्थकर्ता कम्पनी वा संस्थाले ऋणीलाई तालिम पश्चात रोजगारीमा लिन ईच्छुक भएको व्यहोरा प्रविष्ट गरेको वा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको श्रम तथा रोजगार अधिकृतले सम्बन्धित व्यक्तिले तालिम पूरा गरेपश्चात रोजगारी प्राप्त गर्ने सम्भावना रहेको पुष्टि हुने रोजगार सम्भावना मूल्याङ्कन प्रतिवेदन प्रविष्ट गरेको।

७. **सुरक्षण हुने कर्जाको धितो सम्बन्धी व्यवस्था:** यस योजना बमोजिम बैङ्क तथा वित्तीय संस्थाले चल, अचल सम्पत्तिको धितो बिना नै देहाय बमोजिमको जमानी तथा सुरक्षण लिई कर्जा प्रवाह गर्न सक्नेछः-

(क) ऋणीको कर्जा रकम बराबरको प्रतिज्ञापत्र,

(ख) बैङ्क तथा वित्तीय संस्था लाभग्राही हुने गरी ऋण रकम बराबरको ऋणीको म्यादी जीवन बीमा।

८. **सुरक्षण कोष सम्बन्धी व्यवस्था:** (१) यस योजना बमोजिम सुरक्षण हुने कर्जाको सुरक्षण दायित्व भुक्तानीको लागि निक्षेप तथा कर्जा सुरक्षण कोषमा छुट्टै रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोष स्थापना गरिनेछ। त्यस्तो कोषमा सुरक्षण योगदानकर्ताले आफ्नो क्षेत्रधिकारभित्रका युवाले उपयोग गर्ने कर्जाको न्यूनतम दश प्रतिशतमा नघटने गरी सम्झौता बमोजिमको रकम[४] जम्मा गर्नु पर्नेछ। त्यस्तो योगदान रकमको छुट्टाछुट्टै हिसाब राखिनेछ।

[३] पहिलो संशोधनद्धारा संशोधित

[४] पहिलो संशोधनद्धारा संशोधित

(२) उपदफा (१) बमोजिमको कोषमा भएको सुरक्षण योगदान रकममध्येबाट कोषको वास्तविक दायित्व व्यहोरी बाँकी रहने भएमा त्यस्तो रकम सम्भावित दायित्व व्यहोरिने समय समाप्त भए पश्चात सम्झौता बमोजिम सम्बन्धित निकायमा फिर्ता गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कोषको परिचालन प्रचलित कानून बमोजिम निक्षेप तथा कर्जा सुरक्षण कोषले गर्नेछ।

(४) कर्जाको दाबी भुक्तानी माग भएमा निक्षेप तथा कर्जा सुरक्षण कोषले उपदफा (१) बमोजिमको कोषमा सम्बन्धित निकायले जम्मा गरेको सुरक्षण योगदान रकमबाट भुक्तानी गर्नेछ। त्यस्तो दावी भुक्तानी रकम सम्बन्धित सुरक्षण योगदानकर्ताले योगदान गरेको सुरक्षण योगदान कोषको मौज्दात भन्दा बढी भएमा कोषले कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ४३ मा भएको व्यवस्थाको अधिनमा रही दावी भुक्तानी दिनेछ।[५]

(५) ..............................[६]

९. **सुरक्षण शुल्क तथा व्याज अनुदान सम्बन्धी व्यवस्थाः** (१) यस योजना बमोजिम सुरक्षण हुने कर्जाको वार्षिक सुरक्षण शुल्क सून्य दशमलव आठ[७] प्रतिशत हुनेछ।

(२) कोषले दफा ८ को उपदफा (१) बमोजिमको सुरक्षण कोषमा सम्बन्धित निकायले गरेको सुरक्षण योगदान रकमबाट त्रैमासिक रुपमा एकचौथाइका दरले त्रयमास समाप्त भएको दश कार्यदिनभित्रमा उपदफा (१) बमोजिमको सुरक्षण शुल्क असुल गर्नेछ।

(३) सुरक्षण शुल्कको गणना त्रयमासको अन्तमा बाँकी साँवा र व्याज जोडी हुन आउने कुल रकममा गरिनेछ।

(४) यस योजना अनुसार सुरक्षणमा रहेको कर्जाको सुरक्षण शुल्क त्यस्तो कर्जाको अन्तिम भुक्तानी मिति वा क्षतिपूर्ति दाबी गर्दाको मिति जुन पहिले हुन्छ त्यस मितिसम्म[८] दफा ८ को उपदफा (१) बमोजिमको कोषबाट निरन्तर असुल गरिनेछ।

(५) यस योजना बमोजिम प्रवाहित हुने कर्जामा सुरक्षण कोष योगदानकर्ताले व्याज अनुदान वा अन्य सहुलियत दिन चाहेमा त्यस्तो व्याज अनुदान वा अन्य सहुलियत वापतको रकम समेत त्रयमासिक रुपमा कोषलाई उपलब्ध गराउनु पर्नेछ। त्यस्तो व्याज अनुदानको रकम कोषले सम्बन्धित सदस्य संस्थालाई उपलब्ध गराउनेछ।

१०. **सुरक्षण हुने कर्जाको विवरण पठाउनु पर्नेः** (१) यस योजना बमोजिम सुरक्षण हुने कर्जाको मासिक विवरण कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-१३ बमोजिमको ढाँचामा बैङ्क तथा वित्तीय संस्थाले महिना समाप्त भएको दश कार्यदिनभित्र कोषमा बुझाउनु पर्नेछ।

(२) कर्जा सुरक्षणको मासिक विवरणमा यस योजना अन्तर्गत प्रवाह भएको सम्पूर्ण कर्जा समावेश भएको हुनु पर्नेछ।

[५] पहिलो संशोधनद्धारा संशोधित

[६] पहिलो संशोधनद्धारा झिकिएको

[७] पहिलो संशोधनद्धारा संशोधित

[८] पहिलो संशोधनद्धारा संशोधित

(३) कुनै कर्जाको विवरण पठाउन छुट भएमा त्रयमास समाप्त भएको एक महिनाभित्र छुट कर्जाको विवरण कोषमा पठाइसक्नु पर्नेछ।

११. <u>क्षतिपूर्ति दाबी भुक्तानीः</u> (१) सुरक्षणमा रहेको कर्जा असुल उपर हुन नसकी कोषमा दाबी परेमा दाबीयोग्य रकमको पचासी प्रतिशतका दरले एकै किस्तामा दाबी भुक्तानी गरिनेछ।

(२) ...................[९]

१२. <u>क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी अन्य व्यवस्थाः</u> (१) ऋणीले भुक्तानी म्याद वा किस्ताको म्याद नाघेको छ महिनासम्म कर्जाको किस्ता नतिरेमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले असुल उपर हुन बाँकी साँवा र व्याज कोषसँग दाबी गर्न सक्नेछ।

(२) दाबीको व्याज रकम दाबी मिति वा कर्जाको अन्तिम भुक्तानी मितिमध्ये अगाडिको मितिसम्म मात्र हुनेछ।

(३) बैङ्क तथा वित्तीय संस्थाले कोषसँग यस योजना बमोजिम सुरक्षण गरेको कर्जाको भुक्तानी म्याद नाघेको मितिले एक वर्षभित्र दाबी गरिसक्नु पर्नेछ। त्यस्तो अवधि नाघेपछि प्राप्त हुन आएको दाबी उपर कोषले कुनै कारबाही गर्ने छैन।

(४) कुनै कारणले कोषले दाबी अस्वीकृत गरेमा बैङ्क तथा वित्तीय संस्थाले पैंतीस दिनभित्र पुनरावलोकनका लागि प्रमुख कार्यकारी अधिकृत समक्ष निवेदन दिन सक्नेछ। त्यसरी निवेदन परेको पन्ध्र दिनभित्र प्रमुख कार्यकारी अधिकृतले पुनरावलोकन गरी उपयुक्त निर्णय गर्नु पर्नेछ।

१३. <u>दाबी भुक्तानी फिर्ता गर्नु पर्नेः</u> (१) कोषले दाबी भुक्तानी दिएको रकम सदस्य संस्थाले सम्बन्धित ऋणीको कर्जा खातामा समायोजन गरी सोही रकम बराबर ऋणीको कर्जा दायित्व कायम हुने गरी "अन्य सम्पत्ति" अन्तर्गत ऋणीको कर्जाको साँवा तथा व्याज गणना हुने प्रबन्ध गर्नु पर्नेछ।

(२) कोषबाट दाबी भुक्तानी भएको कर्जा असुलीको लागि बैङ्क तथा वित्तीय संस्थाले प्रचलित कानून बमोजिम कारबाही सुचारु गर्नु पर्नेछ।

(३) कोषबाट दाबी भुक्तानी भएको कर्जा आंशिक वा पूरा असुल उपर भएमा सर्वप्रथम दाबी भुक्तानी बापत प्राप्त भएको रकम बैङ्क तथा वित्तीय संस्थाले कोषलाई फिर्ता गर्नु पर्नेछ।

१४. <u>अपलेखन सम्बन्धी व्यवस्थाः</u> कोषबाट दाबी भुक्तानी प्राप्त कर्जाको कोषको अपलेखन सम्बन्धी प्रचलित व्यवस्था बमोजिम स्वीकृति प्राप्त गरेपश्चात मात्र बैङ्क तथा वित्तीय संस्थाले कर्जा अपलेखन गर्न सक्नेछ।

१५. <u>विविधः</u> (१) बैङ्क तथा वित्तीय संस्थाले कोषबाट दाबी भुक्तानी प्राप्त कर्जाको विवरण विद्युतीय प्रणालीमा सुरक्षित रुपमा अभिलेख राख्नु पर्नेछ।

(२) कोषमा सुरक्षण भएको बैङ्क तथा वित्तीय संस्थाको कर्जासँग सम्बन्धित खाता र कागजातहरुको कोषले समय समयमा स्थलगत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(३) यस योजनामा उल्लेख नभएको विषयको हकमा कर्जा सुरक्षण नियमावली, २०७५ बमोजिम हुनेछ।

---

[९] पहिलो संशोधनद्वारा झिकिएको

(४) यस योजना बमोजिम कोषले निर्धारण गर्ने सूचना प्रविधि प्रणाली संचालनमा नआउदा सम्म अन्यथा व्यवस्था गरी योजना कार्यान्वयन गर्न सक्नेछ।[१०]

(५) यस योजना कार्यान्वयनका लागि कोषले रोजगारदाता कम्पनी, रोजगार मध्यस्थकर्ता कम्पनी वा संस्था, विश्वविद्याय, शिक्षालय, तालिम प्रदायक संस्था वा कम्पनी लगायत सम्बद्ध पक्षलाई आवश्यक सहजिकरण गर्न सक्नेछ।[११]

(४) यस योजना बमोजिम कोषले निर्धारण गर्ने सूचना प्रविधि प्रणाली संचालनमा नआउदा सम्म परम्परागत कागजी प्रक्रियानै अवलम्बन गरिनेछ।

[१०] पहिलो संशोधनद्वारा थप गरिएको

[११] पहिलो संशोधनद्वारा थप गरिएको

**अनुसूची- १**

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

**सम्झौतापत्र**

लिखितम् निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापित निक्षेप तथा कर्जा सुरक्षण कोष, .............. (यसपछि "कोष" भनिएको) र ............. लिमिटेड, ............. (यसपछि "सदस्य संस्था" भनिएको) बीच कर्जा सुरक्षण नियमावली, २०७५ (यसपछि "नियमावली" भनिएको) र रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कार्यक्रम योजना, २०८१ (यसपछि "सुरक्षण योजना" भनिएको) तथा देहायको शर्तको अधीनमा रही सदस्य संस्थाले प्रदान गरेको रोजगारमुखी सीप विकास तालिम कर्जा समावेश हुने गरी कर्जा सुरक्षण गर्न, गराउन दुवै पक्षको सहमति भएकोले सुरक्षण योजनाको व्यवस्था बमोजिम ……… को ……… कार्यालय, ........... मा बसी यो सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

१. सदस्य संस्थाले सुरक्षण योजना बमोजिमको कर्जा प्रदान गरी कोषमा सुरक्षण गराएकोमा योजनाको दफा ८ बमोजिमको कोषबाट दफा ११ बमोजिमको सीमासम्म मात्र दाबी भुक्तानी पाउनेछ र त्यस्तो दाबी सम्बन्धमा सुरक्षण योजना तथा नियमावली बमोजिम कोषले माग गरेका कागजात तथा अन्य विवरणहरु कोषलाई उपलब्ध गराउनु पर्नेछ।

२. सदस्य संस्थाबाट सुरक्षण योजना बमोजिम प्रदान भएका सम्पूर्ण कर्जाको सुरक्षण शुल्क सुरक्षण योजना बमोजिम कोषले रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोषबाट त्रैमासिक रुपमा असुल गर्नेछ।

३. कोषले सुरक्षण योजनाले तोकेको तालिममा प्रदान गरेको कर्जा बाहेक अन्य तालिममा प्रदान गरेको कर्जाको सुरक्षण गर्ने छैन।

४. सुरक्षण योजना बमोजिम प्रवाह गरेको कर्जा सम्बन्धी खाता र सोसँग सम्बन्धित कागजातहरु तथा परियोजनाको कोषको कर्मचारी वा कोषले तोकेको कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न सक्नेछ।

५. प्रचलित कानून बमोजिमको रीत नपुर्‍याई सदस्य संस्थाबाट प्रदान गरिएको कर्जा असुल उपर नभएमा कोष उपर कुनै दाबी लाग्ने छैन।

६. कोषसँग असुल उपर नभएको कर्जाको दाबी गर्दा वा सो सम्बन्धमा पत्राचार गर्दा वा विवरण वा अन्य कागजात दाखिला गर्दा त्यस्ता दाबी, पत्राचार, विवरण तथा कागजातमा सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिले दस्तखत गर्नु पर्नेछ।

७. कर्जाको उपयोग सुनिश्चितताको लागि सदस्य संस्थाले सुरक्षण योगदानकर्ताले छनौट गरेका मान्यता प्राप्त विश्वविद्यालय, शिक्षालय, तालिम प्रदायक, रोजगारदाता, रोजगार मध्यस्थकर्ता संस्था वा कम्पनीसँग आपसी सम्झौता, समन्वय तथा सहकार्य गर्न चाहेमा कोषले आवश्यक सहयोग गर्नेछ ।

८. सुरक्षण योजना बमोजिम कर्जा प्रवाह गर्न ऋणीले पूरा गर्नुपर्ने शर्तहरु पूरा गरे नगरेको एकिन गर्न र आवश्यक तथ्याङ्क, विवरण तथा कागजातहरु प्राप्त गर्न कोषले तोकेको सूचना प्रविधि प्रणालीमा सदस्य संस्थालाई पहुँच दिइनेछ ।

९. सुरक्षण योजनामा कुनै संशोधन भए कोषले सदस्य संस्थालाई सोको जानकारी गराउनु पर्नेछ।

१०. यस सम्झौता बमोजिम कोषको दायित्व तथा सदस्य संस्थालाई प्राप्त हुने सुरक्षण हितसँग सम्बन्धित विषयहरु कोषको सुरक्षण योजना बमोजिम हुनेछ।

११. यो सम्झौता मिति ...................... देखि लागू हुनेछ।

<u>कोषको तर्फबाट</u>

दस्तखतः ....................

नामः .........................

दर्जाः ........................

कार्यालयको छापः

<u>................. को तर्फबाट</u>

दस्तखतः .....................

नामः ...........................

दर्जाः ..........................

कार्यालयको छापः

<u>साक्षी</u>

दस्तखतः ........................

नामः ......................

दर्जाः ........................

ठेगानाः निक्षेप तथा कर्जा सुरक्षण कोष, ................।

<u>साक्षी</u>

दस्तखतः .....................

नामः ...........................

दर्जाः ..........................

ठेगानाः ......................।

इति संवत् २०..... साल .......... महिनाको ........ गते रोज् ......... शुभम्।

## अनुसूची- २

(दफा २ को उपदफा (२) सँग सम्बन्धित)

**समझदारी पत्र**

लिखितम् निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापित निक्षेप तथा कर्जा सुरक्षण कोष (यसपछि "कोष" भनिएको) र ................. (यसपछि "सुरक्षण योगदानकर्ता" भनिएको बीच कर्जा सुरक्षण नियमावली, २०७५ (यसपछि "नियमावली" भनिएको) र रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण योजना, २०८१ (यसपछि "सुरक्षण योजना" भनिएको) तथा देहायको शर्तको अधीनमा रही बैङ्कले प्रदान गर्ने रोजगारमुखी सीप विकास तालिम कर्जाको सुरक्षण गर्न, गराउन दुवै पक्षको सहमति भएकोले ..........को ......... कार्यालय, ........... मा बसी यो समझदारी गरी एक एक प्रति लियौं/दियौं।

१. सुरक्षण योजना बमोजिमको कर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाको छनौट गरी त्यस्ता बैङ्क तथा वित्तीय संस्थासँग योजनाको अनुसूची-१ बमोजिम कोषले सम्झौता गर्नेछ । कोषसँग सम्झौता भएका बैङ्क तथा वित्तीय संस्थाको विवरण कोषले निर्धारण गरेको सूचना प्रविधि प्रणालीमा अद्यावधिक गर्नेछ ।

२. सुरक्षण योगदानकर्ताले सुरक्षण योजना बमोजिम कोषमा "रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोष" नामको छुट्टै सुरक्षण कोष खडा गर्नेछ। सुरक्षण योगदानकर्ताले खडा गर्ने कोषको सुरक्षणमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने रोजगारमुखी सीप विकास तालिम कर्जाको ........प्रतिशतले हुने रकम सुरक्षण योगदानकर्ताले उक्त कोषमा जम्मा गर्नेछ।

३. कर्जा सुरक्षण गर्दा यस योजनाको व्यवस्था बमोजिम लाग्ने कुल वार्षिक सुरक्षण शुल्क कोषले "रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोष"बाट त्रैमासिक रुपमा असुल गर्नेछ।

४. रोजगारमुखी सीप विकास तालिम कर्जाको क्षतिपूर्ति माग दाबी भएमा कोषले "रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोष" बाट सुरक्षण योजनाको व्यवस्था बमोजिम भुक्तानी गर्नेछ।

५. सुरक्षण योजना बमोजिमको दावी भुक्तानी गर्न "रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोष"मा रकम अपुग भएमा कोषको माग बमोजिम सुरक्षण योगदानकर्ताले योगदान रकम थप गर्नुपर्नेछ।

६. कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी कोषको दायित्व समाप्त भएपछि "रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोष" मा बाँकी रहेको रकम कोषले सुरक्षण योगदानकर्ता लाई फिर्ता गर्नेछ।

७. सुरक्षण योजना बमोजिम प्रवाहित हुने कर्जामा सुरक्षण योगदानकर्ताले व्याज अनुदान वा अन्य कुनै सहुलियत दिन चाहेमा व्याज अनुदान वा सहुलियत वापतको रकम त्रयमासिक रुपमा "रोजगारमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोष"मा उपलब्ध गराउनु पर्नेछ । त्यस्तो व्याज अनुदान वा सहुलियतको रकम कोषले सम्बन्धित सदस्य संस्थालाई उपलब्ध गराउनेछ।

८. सुरक्षण योजनाको विस्तार, प्रवर्द्धन, प्रचार प्रसारका लागि कोषले उपलब्ध गराउने प्रवर्द्धनात्मक र सूचनामूलक कार्यक्रम तथा सामग्री लक्षित समूह तथा सरोकारवाला समक्ष पुऱ्याउन सुरक्षण योगदानकर्ताले आवश्यक सहयोग गर्नुपर्नेछ।

९. सुरक्षण योगदानकर्ताले सुरक्षण योजना बमोजिम रोजगारदाता कम्पनी, रोजगार मध्यस्थकर्ता कम्पनी वा संस्थाको ऋणीलाई तालिम पश्चात रोजगारीमा लिन ईच्छुक भएको व्यहोराको पत्र वा ऋणीले तालिम पूरा गरेपश्चात रोजगारी प्राप्त गर्ने सम्भावना रहेको पुष्टि हुने रोजगार सम्भावना मूल्याङ्कन प्रतिवेदन लगायतका तथ्याङ्क, विवरण तथा कागजातहरु कोषले निर्धारण गरेको सूचना प्रविधि प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

१०. रोजगारदाताको माग अनुसारको जनशक्ति उत्पादन हुने सुनिश्चितताका लागि योग्य प्रशिक्षार्थी छनौट गर्न, तालिमको पाठ्यक्रम तयार गर्न, तालिम प्रदान गरी प्रमाणपत्र जारी गर्न र तालिम पश्चात रोजगारीमा पठाउने कार्य गर्न सुरक्षण योगदानकर्ताले[१२] मान्यता प्राप्त विश्वविद्यालय, शिक्षालय, तालिम प्रदायक संस्था वा कम्पनीको छनौट गर्न सक्नेछ[१३]। यसरी छनौट भएका संस्था वा कम्पनीले निष्पक्ष, पारदर्शी, मितव्ययी, स्वतन्त्र एवं व्यावसायिक रुपमा कार्य गर्ने कुराको सुनिश्चितताको लागि सुरक्षण योगदानकर्ताले त्यस्ता संस्था वा कम्पनीसँग सम्झौता गरी आवश्यक शर्त तोक्नु पर्नेछ।

११. सुरक्षण योगदानकर्ताले छनौट गरेका संस्था वा कम्पनीको विवरण कोषले निर्धारण गरेको सूचना प्रविधि प्रणालीमा समयमै प्रविष्टि गर्नुपर्नेछ। त्यस्तो विवरणमा कुनै परिवर्तन भएमा सोको विवरणलाई कोषले निर्धारण गरेको सूचना प्रविधि प्रणालीमा तत्कालै अद्यावधिक समेत गर्नुपर्नेछ।

१२. यस समझदारीपत्र तथा सुरक्षण योजना बमोजिम सुरक्षण योगदानकर्ताको तर्फबाट गरिनुपर्ने जिम्मेवारी पूरा गर्न तथा कोष लगायत सम्बद्ध सरोकारवालासँग आपसी समन्वय गर्न सुरक्षण योगदानकर्ताले एक जना सम्पर्क अधिकृत तोक्नुपर्नेछ।

१३. सुरक्षण योजना बमोजिम बैङ्क तथा वित्तीय संस्थाले प्रवाहित गर्ने कर्जा लक्षित वर्गमा प्रवाह भए नभएको अनुगमन गर्न सुरक्षण योगदानकर्ताले कोष र बैङ्क तथा वित्तीय संस्थालाई आवश्यक सहयोग गर्नुपर्नेछ ।

१४. यो समझदारी मिति .................... देखि लागू हुनेछ।

| कोषको तर्फबाट | ................. को तर्फबाट |
| --- | --- |
| दस्तखतः .................... | दस्तखतः ..................... |
| नामः ......................... | नामः ........................... |
| दर्जाः ........................ | दर्जाः .......................... |
| कार्यालयको छापः | कार्यालयको छापः |
| **साक्षी** | **साक्षी** |
| दस्तखतः ........................ | दस्तखतः ..................... |

[१२] पहिलो संशोधनद्धारा संशोधित

[१३] पहिलो संशोधनद्धारा संशोधित

नामः ......................
दर्जाः ........................
ठेगानाः निक्षेप तथा कर्जा सुरक्षण कोष, ................।

नामः ...........................
दर्जाः ..........................
ठेगानाः .......................।

इति संवत् २०..... साल .......... महिनाको ........ गते रोज् ......... शुभम्।